


## आ.ब. २०८०/०८१ मा सम्पादित कार्यहरुको

# सामाजिक परीक्षण प्रतिबेदन

सोमराज शर्मा/बिनोद कुमार शर्मा
सामाजिक परिक्षक

# कार्यकारी सारांश

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन बर्षमा एकपटक सामाजिक परीक्षण गर्नुपर्ने प्रावधान गरेकोछ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय तह भएकोले स्थानीय तहसँग जनताका इच्छा आकाँक्षाहरु बढ्नु स्वाभाविक हो । स्थानीय तहले सम्पादन गर्ने काम कारबाहिमा पारदर्शिता र सेवाग्राहिप्रति जवाफदेहिता अभिबृद्धि गर्न र सुशासन कायम गर्न विभिन्न नीतिहरु अबलम्बन गर्दै आएकोछ । स्थानीय स्तरमा भए÷गरेका कामकारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । दंगीशरण गाउँपालिकाले आर्थिक वर्ष २०८०÷०८१ मा लिएको नीति, सो अनुरुप तर्जुमा गरेको योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने र आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्य अनुरुप सामाजिक परीक्षण कार्यक्रम संचालन गर्नुको साथै यसको निष्कर्षलाई प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएको छ । यस गाउँपालिकाभित्र गरिएको छलफलको आधारमा समय र श्रोत साधनका कमीका कारण कतिपय साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्बेक्षण तथा बिश्लेषण गर्न नसकिएको भएता पनि यस गाउँपालिकाले समग्रमा कार्यक्रम कार्यान्वयनको अबस्थामा अधिकतम उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएको छ । तथापि जनस्तरमा गाउँपालिका प्रतिको विश्वास र सेवा प्रवाहमा चुस्तता ल्याई यसको माध्यमबाट अझ प्रभावकारी, सरल र सहज बनाउन भने आवश्यक देखिन्छ ।

गाउँपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, गैसस, नीजी क्षेत्र तथा गाउँबासीबीच साझेदारीमा बृद्धि गर्ने कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउनुपर्ने देखिन्छ । गाउँपालिका र वडाको भौतिक पूर्बाधारको अबस्था राम्रो रहेको देखिन्छ । गाउँपालिकाले आफुले प्रदान गर्ने सेवा सुबिधालाई प्रबिधिमैत्रि बनाउन जोड गरिरहेको छ भने यस पालिका भित्रका सामुदायिक विद्यालयहरु प्रविधिमैत्री बनाउने कार्यका लागि डिजिटल बोर्डको व्यवस्था गरि सो अनुरुप पठनपाठनलाई अगाडी बढाईएको छ । स्वास्थ्य बिमालाई आफनै पालिकामा रहेको बागर सामुदायिक अस्पतालबाट सेवा सुचारु गर्न लागेको यस गाउँपालिका दाङ्गमै पहिलो दिगोपना सहितको पुर्ण संस्थागत सुत्केरी गाउँपालिका बन्न सफल भएको छ । त्यस्तै यस गाउँपालिकाले बालमृत्यू दर घटाउनको लागि सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम संचालन गरेको छ भने बृद्ध तथा बालबालिकाहरुलाई मध्यनजर गरि उज्यालो आखा कार्यक्रम पनि संचालन गरिरहेको छ । अर्कोतर्फ छोरी सम्मान कार्यक्रमले छोरीहरुको शिक्षाको भविस्यलाई केहि हद सम्म सुनिश्चित गर्ने कोसिस गरिरहेको छ । अपांगता भएका ब्यक्तिहरुलाई अपांगता सहयोग सामाग्रीको बितरणले अपांगता भएका ब्यक्तिहरुको दैनिक जिवनयापनमा सहजता भएको छ भने सामुदायिक बिद्यालयको ११-१२ कक्षामा बिज्ञान बिषय पढने बिद्यार्थिलाई मासिक रु १,५०० छात्रबृति बितरण कार्यक्रमले गरिव र बंचित परिवारका बालबालिकाहरुलाई पढनु पर्दछ भन्ने कुरामा

उत्प्ेरीत गरिरहेको देखिन्छ । शैक्षिक क्यालेन्डर अनुसारको पठन पाठन, परिक्षा शुल्क नलिने नीति, बर्षको १ वटा बिषयको परिक्षा गाउँपालिका तहको लिने परिपाटीले शिक्षाको गुणस्तरको मापनमा सहजता ल्यायको देखिन्छ । जेष्ठ नागरिक, हिंसा पिडित महिला सम्मान जस्ता कार्यक्रमले उनिहरुको मनोवल बढाउन सहयोग पुगेको छ । मूख्य सडकलाई हरियाली सहितको बाताबरणीय सन्तुलन कायम राख्न प्रयास गर्दै बृक्षारोपन र संरक्षण गर्नु र नक्सापास गरि घर बनाउन स्वीकृति दिने कार्यहरुले जनताको जिउ र धनको सुरक्षामा गाउँपालिका जिम्मेवार भएको देखिन्छ ।

संगसंगै गाउँपालिकाले दीगो विकास लक्ष्य, विपद् तथा जलवायू उत्थानशीलताका कुराहरुलाई स्थानीयकरण गरी यसलाई मूर्तरुप दिनुपर्ने देखिन्छ । सहभागीतामूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणाली अबलम्बन गरी योजना तथा कार्यक्रमहरुको सुपरिबेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । स्थानीय सामुदायिक संस्थाहरुको परिचालन गरि समुदायलाई परिचालन गर्ने काममा अगाडि लगाउने र समुदायले गर्ने अनुगमनलाई प्रभावकारी बनाउदै अनुगमन तथा मूल्याङ्कलाई समयवबद्ध र सूचकमा आधारित बनाउनु पर्ने देखिन्छ । राजस्व व्यवस्थापनमा नदिजन्य पदार्थको व्यवस्थापनलाई ब्यवहारिक र ब्यबस्थित बनाउनु पर्ने छ । अर्थपूर्ण जनसहभागीता बढाउनु पर्ने, गाउँपालिका तथा वडामा सामाजिक जवाफदेहिता प्रवद्र्धन गर्ने क्रियाकलापहरु नियमित गर्नुपर्ने देखिन्छ । साथै लैससासको विश्लेषण गरी लैससासमैत्री संरचना तथा कार्यक्रम कार्यान्वयन गर्नुका साथै शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन सकिएमा गाउँपालिकाको कार्य अझै प्रभावकारी हुने देखिन्छ । अर्कोतर्फ बालमैत्री, पोषणमैत्री गाउँपालिका निर्माणका आधारहरु तयार गर्नुपर्ने देखिन्छ ।

अन्तमा, सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको उपस्थितिमा बृहत छलफल गरि सो छलफलबाट प्राप्त सुझावहरुलाई पनि समेटि अन्तिम प्रतिबेदन तयार गरिएको छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको बिश्लेषणबाट प्रभावसम्मको अवस्थाको आंकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ । स्थानीय सरकारको समग्र सामाजिक उत्तरदायित्व परीक्षणको अभ्यास नौलो भएकाले अनुशिक्षण, तालिम, प्रचारप्रसार र समय सापेक्ष सुधारको आवश्यकता रहेको देखिन्छ । सामाजिक जवाफदेहिता अभिबृद्धि हुने क्रियाकलापहरु नियमित रुपमा गाउँपालिकाले कार्यविधि नै बनाई संचालन गर्नुपर्ने देखिन्छ ।

# बिषयसूची


| क्र.सं. | | बिषयबस्तु | पेज नं |
|---|---|---|---|
| | | **खण्डः क** | |
| १.१ | | पृष्ठभूमि | १ |
| १.२ | | सामाजिक परीक्षणको उद्देश्य | २ |
| १.३ | | सामाजिक परीक्षण विधि | २ |
| | १.३.१ | सन्दर्भ सामग्री अध्ययन | २ |
| | १.३.२ | मुख्य पदाधिकारीसँग अन्तरवार्ता | ३ |
| | १.३.३ | समूह छलफल र स्थलगत अवलोकन | ३ |
| | १.३.४ | सामाजिक परीक्षण प्रतिबेदन मस्यौदा लेखन | ३ |
| | १.३.५ | प्रारम्भिक प्रतिवेदन प्रस्तुती | ३ |
| | १.३.६ | अन्तिम प्रतिवेदन पेश | ४ |
| १.४ | | अध्ययनको सीमा | ४ |
| १.५ | | बिषयगत शाखासंगको छलफल, अनुगमन र बृहत छलफल कार्यक्रमको बिवरण | ५ |
| | | **खण्डः ख** | |
| २.१ | | दंगीशरण गाउँपालिकाको परिचय | ६ |
| २.२ | | गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरु | ७ |
| २.३ | | गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमका उद्देश्यहरू | ७ |
| २.४ | | गाउँपालिकाको प्राथमिकताहरु | ८ |
| २.५ | | गत बर्षको मुख्य उपलब्धीहरु | ८ |
| २.६ | | यस बर्षको मुख्य उपलब्धीहरु | ९ |
| २.७ | | सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा | १० |
| २.८ | | गत बर्ष सेवा प्रभाह, कार्य सम्पादन गर्दा भोगेका समस्याहरु | २० |
| | | **खण्डः ग** | |
| ३.१ | | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु | २१ |
| ३.२ | | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु | २२ |
| ३.३ | | सामाजिक जिम्मेवारी पूरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु | २४ |
| ३.४ | | जिम्मेवारीको क्षेत्र अनुसार चाल्नुपर्ने कदम वा सुझावहरु | २६ |
| | | **अनूसुची** | |

| | | |
|---|---|---|
| १: | योजनाको मूल्यांकन तथा प्रभाव बिश्लेषण | ३० |
| २ | आ.ब. २०८०/०८१ मा संचालित भौतिक पुर्वाधार तर्फका योजनाहरुको सुची | ३४ |
| ३ | सामाजिक परीक्षण प्रारम्भिक प्रतिबेदन प्रस्तुतिमा उपस्थिति सहभागीहरुको विवरण | ४२ |
| ४ | सामाजिक परीक्षणका क्रममा लिईएका तस्बीरहरु | ४४ |

# खण्डः क

## १.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा गाउँपालिका जनताको सबै भन्दा नजिकको सरकार हो जसलाई स्थानीय सरकार पनि भनिन्छ । स्थानीय सरकारले जनतासँग प्रत्यक्ष सम्बन्ध राख्दछ । स्थानीय सरकारले स्थानीय स्तरमा जनताहरूको माझमा बसी प्रत्यक्ष रूपमा जनतालाई तोकिए र आफ्नो नीति तथा कानुन परिधिभित्र रही सेवाहरू प्रवाह गर्दछ । नेपालका गाउँपालिकाहरू नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस अन्तर्गत जारी भएका नियमावली हरू अधिनमा रही सेवा प्रवाह गर्दछन् । स्थानीय सरकारलाई संविधान र स्थानीय सरकार सञ्चालन ऐनको अधिनमा रही कानुन, नीति तथा नियमावली बनाउने अधिकार रहेको छ।

नेपालको संबिधानले गाउँपालिकाको सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउनु पर्ने परिकल्पना गरेको छ । अर्को तर्फ स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि सोहि अनुरुप गाउँपालिकाको योजना पहिचान देखि लाभको प्रतिफल बितरण सम्मका सबै चरणमा नागरिकको प्रत्यक्ष सहभागितालाई सुनिश्चीत गराउने ब्यबस्था गरेको छ । गाउँपालिकाले बनाएका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न गाउँपालिकाले बिभिन्न प्रकारका कामहरु गर्नुपर्ने हुन्छ । सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनीक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनीक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन बर्षमा एकपटक सामाजिक परीक्षण गर्नुपर्ने प्रावधान गरेकोछ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय तह भएकोले दंगीशरण गाँउपालिकाले सम्पादन गर्ने काम कारबाहिमा पारदर्शिता र सेवाग्राहि प्रति जवाफदेहिता अभिबृद्धि गर्न र सुशासन कायम गर्न विभिन्न नीतिहरु अबलम्बन गर्दै आएको छ । सो अनुरुप आउदा दिनहरुमा यस गाँउपालिकाले स्थानीय स्तरमा भए÷गरेका कामकारबाहीको अबस्था र आउदा दिनहरुमा सुधार गर्नुपर्ने आबश्यक बिभिन्न पक्षहरुको जनताहरु मार्फत आउने सुझावहरु प्राप्त गर्दै सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । दंगीशरण गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने र आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नतिजामूलक तथा

प्रभावकारी बनाउन सहयोग पु¥याउने उद्देश्य अनुरुप यो सामाजिक परीक्षण कार्यक्रम संचालन गरेको छ ।

## १.२ सामाजिक परीक्षणको उद्देश्य

दंगीशरण गाउँपालिकाको एक आर्थिक बर्षको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षण संचालनको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

- दंगीशरण गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको बिश्लेषण गर्ने ।
- गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- गाउँपालिकालाई कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिकरण र श्रोत साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- गाउँपालिकाको गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावी कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- लक्षित उद्देश्य पूरा भए-नभएको, बजेट सहि रुपमा खर्च भए-नभएको समिक्षा गर्ने ।

## १.३ सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू गरी सम्पन्न गरीएको छ ।

### १.३.१ सन्दर्भ सामग्री अध्ययन




सामाजिक परीक्षकले दंगीशरण गाउँपालिकाको आवधिक तथा बार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, कार्यपालिकाका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षण स्रम्बन्धी स्थानीय नीति र

प्रतिवेदन, सार्वजनिक सुनुवाई प्रतिवेदन, बार्षिक प्रगती प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो ।

### १.३.२ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र तोकिएका सूचकहरूका आधारमा परामर्शदाताले आबश्यकता अनुसार गाउँपालिकाको जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुखसँग अर्धसंरचित अन्तरवार्ताबाट सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो भने साथै अपुग सुचना तथा तथ्यांकहरु पनि समय समयमा कार्यालयमा शाखा प्रमूखहरु संग भेटघाट र छलफल गर्दै लिने काम गरिएको थियो ।

### १.३.३ समूह छलफल र स्थलगत अवलोकन

सामाजिक परीक्षणका लागि तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा समूह छलफल (लक्षित समूह, उपभोक्ता समूहरसमिति तथा सेवाग्राही) गरियको थियो । साथै गत आ.ब. मा गाउँपालिका बाट संचालित विभिन्न योजना र क्रियाकलापहरुको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलन गरि राय, प्रतिक्रिया र सुझाव प्राप्त गरियको थियो ।

### १.३.४ सामाजिक परीक्षण प्रतिबेदन मस्यौदा लेखन

बिभिन्न बिधीबाट प्राप्त सुचनाहरुलाई एकत्रीत गर्ने काम भयो । साथै उक्त सुचनाहरुलाई संबिधान, ऐन, नीति, कार्यबिधि र योजनामा भएको ब्यबस्थासंग तुलना सहितको बिश्लेषण गर्दै सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची–५, ६ बमोजिमको प्रारम्भीक प्रतिबेदन र अनुसूची–९ बमोजिमको अन्तिम सामाजिक परीक्षण मश्यौदा प्रतिबेदन लेखन गर्ने कार्य गरिएको थियो।

### १.३.५ प्रारम्भिक प्रतिवेदन प्रस्तुती

गाउँपालिकाद्वारा आयोजित भेलामा प्रारम्भिक प्रतिबेदन प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक बहस कार्यक्रम तथा कार्यक्रममा उपस्थित हुन पालिकाले प्रमुख सरोकारवालाहरू तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, लक्षित वर्ग, बालवालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, राजनतिक दल, बुद्धिजीवी लगायतसँग अन्तरक्रियाका लागि सार्वजनिक सूचनाद्वारा आह्वान गरिएको थियो । उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो

- कार्यक्रम औपचारीकरुपमा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बसेको थियो ।
- स्वागत मन्तब्यबाट सुर भएको कार्यक्रममा प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको ।

- सामाजिक परीक्षकबाट सामाजिक परिक्षणको कानुनी आधार, ब्यबस्था सहित कार्यविधिको अनुसूची—५ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत
- गरिएको ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको ।
- सहभागीहरुबाट उठेका बिषय बस्तुलाई टिपोट गरिएको थियो भने भने आगामी दिनमा यसको कार्यान्वयन बारे जोड दिईएको थियो ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीमा उठेका विषयवस्तुहरू सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ ।

### १.३.६ अन्तिम प्रतिवेदन पेश

सहभागीबाट प्राप्त सुझावहरुलाई समेटी सामाजिक परीक्षकद्वारा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची—९ अनुसार गाउँपालिका प्रमुख समक्ष पेश ।

## १.४ अध्ययनको सीमा

सीमित श्रोत र साधनमा गरियको यो सामाजिक परिक्षण गर्दा गाउँपालिका, वडा र समुदाय तहमा पुगी छलफल र दस्ताबेजको अध्यन तथा बिश्लेषण गरी सूचना संकलन गरिएकोमा कतिपय सूचनाहरुको पुष्टयाँइ वैज्ञानिक ढंगले नभएको हुन सक्छ । यद्यपि प्रश्न अनरुप आएका सूचना, बिभिन्न दस्ताबेजको अध्यन र छलफलहरुलाई बिश्लेषण गरि सामाजिक परिक्षण प्रतिबेदन तयार पारियको छ । यसका सुचनाहरुलाई जति सक्यो सरलिकृत गरि राखिएको छ । दंगीशरण गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्षेत्र र सीमा निम्नानुसार रहेका छन्:

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को मुलमर्म बमोजिम गाउँपालिकाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको मात्र अध्ययन गरिएको छ।
- सेवा प्रभाहको लागि गाउँपालिकाले गरेका नीतिगत निर्णय र कार्य प्रकृयाले पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ।
- गाउँपालिकाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको छ।
- श्रोत साधन र सुचनाको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षण गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा बिश्लेषण गर्न सकिएको

छैन तर पनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा बिशेष जोड दिइएको छ ।

## १.५ बिषयगत शाखासंगको छलफल, अनुगमन र बृहत छलफल कार्यक्रमको बिवरण

सामाजिक परिक्षणको लागि संम्झौता पश्चात पालिका बिभिन्न कागजातको अध्यन गरि उक्त अध्यनको आधारमा गाउँपालिकामा रहेका बिभिन्न शाखाहरुसं

| मिति | क्रियाकलाप | स्थान |
|---|---|---|
| २०८१ चैत्र २७ गते | शिक्षा शाखामा छलफल | गाउँपालिकाको कार्यालय |
| २०८२ बैसाख ३ गते | कृषि, महिला बालबालिका शाखामा छलफल | गाउँपालिकाको कार्यालय |
| २०८२ बैसाख ८ गते | स्वास्थ्य शाखामा छलफल | गाउँपालिकाको कार्यालय |
| २०८२ बैशाख १२ | विपद् ब्यबस्थापन, लघु उद्यम शाखामा छलफल | गाउँपालिकाको कार्यालय |
| २०८२ बैशाख १६ | वडा सचिव, कार्यबाहक अध्यक्ष | वडा नं. १ को कार्यालय |
| २०८२ बैशाख १९ | • बाकी देखि अधिकारी टोल सडक निर्माण योजना र साग्ले तारजालि निर्माण योजना अनुगमन<br>• फुर्केशल्ली समुदाय र बिकास कृषक समुहमा छलफल | वडा नं. १, फुर्केशल्ली, साग्ले, बाकी |
| २०८२ बैशाख २१ | वडा नं ७ को कार्यालय र समुदायका जानिफकारसंग छलफल | वडा नं ७ को कार्यालय |
| २०८२ बैशाख २३ | बर्कि पनबटुवा देखि बाकी कुलो निर्माण योजना अनुगमन र छलफल | वडा नं ७, बाकी |
| २०८२ बैशाख ३० | • दलित नमुना बस्ती, वडा नं-२<br>• वडा नं. २, ४ र ५ का वडा अध्यक्षसंग छलफल | वडा नं २, ४ र ५ को कार्यालय |
| २०८२ जेष्ठ १ | वडा नं ३ का अध्यक्षसंगको छलफल, रावतगाउँ दैतेवा टोल कलभर्ड निर्माण योजना, सुर्यमूखी कृषक समुहसंग छलफल, टेलर पसल अनुगमन | वडा नं ३ को कार्यालय, पारगाउँ, चखौरा |
| २०८२ जेष्ठ ४ | परसढुवा महिला कृषि समुह, भानु मा.वि., खुला ब्यायमशाला वडा नं ६, मा.वि. हेकुली | वडा नं ६ |

बिभिन्न मितिमा अन्तबार्ता र छलफल गरिएको थियो । यसरि आबश्यक शाखहरुसंगको छलफल पश्चात गाउँपालिकामा रहेका सबै वडा कार्यालयहरुमा पुगी छलफल गरिएको थियो । आर्थिक बर्ष २०८०-०८१ मा संचालित बिभिन्न कार्यक्रम तथा क्रियाकलापको सुचिबाट सबै क्षेत्रलाई समेटने गरि अनुगमन गर्ने योजना तथा क्रियाकलापहरुको सुची तयारगरी वडा कार्यालयको समन्वयमा अनुगमन कार्यलाई अगाडि बढाईएको थियो । अनुगमनका क्रममा बिभिन्न योजना उपभोक्ता समिति, समुह, घरपरिवारसंग छलफल र अन्तबार्ताको माध्यमबाट सामाजिक परिक्षणको लागि सुचनाहरु संकलन गरिएको थियो । जसालाई तल तालिकामा हेर्न सकिन्छ ।

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची—५ र ६अनुसारको प्रतिवेदन गाउँपालिकाद्वारा आयोजित बृहत छलफल कार्यक्रममा पेश भएको थियो । बृहत छलफल कार्यक्रम मिति २०८२ जेष्ठ ५ गते सोमबारका दिन बिहान ८ बजेदेखि दंगीशरण गाउँपालिकाको सभाहल हेकुलिमा संचालन भएको थियो । सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रममा उपस्थित हुन पालिकाले कार्यपालिका सबै, शाख प्रमुख, सरोकारवालाहरू, कर्मचारी, महिला प्रतिनिधि, राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, , स्थानीय बुद्धिजीवी लगायतहरुलाई अन्तरक्रियाका लागि सार्वजनिक सूचनाद्वारा आह्वान गरि आयोजना गरिउको थियो र उक्त कार्यक्रममा ३० जनाको उपस्थिति रहेको थियो । कार्यक्रम संचालन निम्नानुसार भएको थियो ।

# खण्डः ख

## २.१ दंगीशरण गाउँपालिकाको परिचय




संघीय गणतन्त्र नेपालको लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लाका दशवटा पालिकाहरुमध्ये दंगीशरण गाउँपालिका सबैभन्दा सानो गाउँपालिकाको रुपमा रहेको छ । भौगोलिक दृष्टिकोणले वडा नं १ को फुर्केसल्ली क्षेत्रबाहेक अरु सबै भू-भाग समथर र सुगम रहेको छ । यो गाउँपालिका ८२ डिग्री ६ मिनट देखि ८२ डिग्री १५ मिनट ५० सेकेण्ड पूर्वी देशान्तर तथा २८ डिग्री ० मिनट ५ सेकेण्ड देखि २८ डिग्री ९ मिनट ४५ सेकेण्ड उत्तरी अक्षांससम्म फैलिएको छ जसको जम्मा क्षेत्रफल ११०.७ वर्ग कि.मी. रहेको छ । साविक गोलटाकुरी, हेकुली र श्रीगाउँ गरी तीनवटा गाउँ विकास समितिलाई समेटेर यो गाउँपालिकाको निर्माण भएको छ । यो गाउँपालिका पूर्वमा तुलसीपुर उपमहानगरपालिका, उत्तरमा तुलसीपुर उपमहानगरपालिका तथा शान्तिनगर गाउँपालिका, पश्चिममा शान्तिनगर गाउँपालिका तथा बबई गाउँपालिका र दक्षिणमा बाँके जिल्लासँग जोडिएको छ । यस गाउँपालिकालाई जम्मा ७ वडामा विभाजन गरिएको छ । दंगीशरण थारु राजाले राज्य गरेको दाङ राज्यको राजदरबार रहेको ऐतिहासिक स्थल सुकौरासँगै जोडीएको तथा थारु जाति कै बाहुल्यता रहेको गाउँपालिका भएकोले यसै ऐतिहासिक तथ्यलाई आधार मानेर यस गाउँपालिकालाई दंगीशरण नामाकरण गरिएको छ ।

यस गाउँपालिकाको कूल ५८२५ घरधुरीमा जम्मा २३६६८ जनसंख्याको बसोवास रहेको छ । यस गाउँपालिकामा बसोवास गर्ने जनसंख्यामध्ये थारु जातिको बाहुल्यता रहेको छ जसले कूल जनसंख्याको ४५.६५ प्रतिशत हिस्सा ओगटेको छ । यसवाहेक क्षेत्री २९.४६ प्रतिशत, ब्राह्मण ४.९३ प्रतिशत, जनजाति ४.१९ प्रतिशत, दलित १०.३४ प्रतिशत, सन्यासी ३.९३ प्रतिशत र अन्य जातजाति १.१० प्रतिशत रहेको छ । यस गाउँपालिकामा हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता

रहेको छ जसको जनसंख्या ९९.३० प्रतिशत रहेको छ । अन्य धर्मावलम्बीहरूमा ईसाइ ०.४९ प्रतिशत र बाँकी बौद्ध, इस्लाम, शिख, किरात, बहाई र अन्य रहेका छन् । यस गाउँपालिकामा बसोवास गर्ने जम्मा जनसंख्यामध्ये प्रमुख रूपमा कृषी तथा पशुपालन रहेको छ जसको अनुपात २०.३२ प्रतिशत रहेको छ । यस गाउँपालिकाको प्रमुख खाद्यान्न उत्पादनमा धान, मकै, गहुँ, तोरी, जौ, चना, मुसुरो, केराउ तथा तरकारी बालीमा आलु, काउली, बन्दा, टमाटर तथा हरिया सागसब्जी रहेका छन् । पशुपन्छी पालनमा भैसी, गाई, वाखा, भेडा, कुखुरा, हाँस पालन प्रमुख रहेका छन् । यसका अलावा माछापालन व्यवसाय पनि अँगालेको पाइन्छ । यस गाउँपालिकाको कूल साक्षरता दर ७९.७८ प्रतिशत रहेको छ ।

यस गाउँ कार्यपालिकाको कार्यालय हेकुलीमा रहेको छ।यस गाउँपालिकाले नागरिकहरुलाई सेवा पर्दान गर्नको लागि बिभिन्न शाखाहरु निर्माण गरि कार्य सम्पादन गरिरहेको छ । यस गाउँपालिकाले आबधिक र बार्षिक योजना अनुसार आफना कार्यक्रम संचालन गरिरहेको छ भने बार्षिकरुपमा नीति तथा कार्यक्रम गाउँ सभाबाट पास गरि कार्यान्वयनमा ल्याउने गरेको छ ।

## २.२ गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरु

"हाम्रो प्रण, समुन्नत दंगीशरण" भन्ने मूल नाराका साथ कार्यक्रम संचालन गरिरहेको यस दंगीशरण गाउँपालिकाको दिर्घकालिन सोच, उच्च्च आर्थिक वृद्धि सहितको समुन्नत अर्थतन्त्र, स्थानीय सीप र उत्पादनमा आधारित रोजागारीको सिर्जना गरी जीवन निर्वाहका लागि प्रयाप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण सहितको आत्मनिर्भर र समुन्नत गाउँपालिकाको रूपमा रूपान्तरण गर्नु रहेको छ। सामाजिक समावेशीकरणमा आधारित समाजवादी अर्थतन्त्र, सामाजिक न्याय, कानूनी शासनमा आधारित सन्तुलित र दिगो विकासको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गरी दंगीशरणवासी जनताको जीवनस्तरमा गुणात्मक रूपले परिवर्तन ल्याउनु दंगीशरण गाउँपालिकाको लक्ष्य रहेको छ।

## २.३ गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमका उद्देश्यहरू

- वित्तीय तथा प्रशासनिक सुशासनको माध्यमबाट सीमित श्रोत र साधनको अधिकतम परिचालन गरी समुन्नतिको लक्ष्य हासिल गर्नु
- शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, लैङ्गिक समानता, रोजगारीको सिर्जना, पूर्वर्वाधार विकास गरी मानव विकास सूचकाङ्कमा सुधार गर्नु
- शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नु
- स्वास्थ्य सेवामा सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवाको विकास गर्नु
- कृषि तथा पशुपालन व्यवसायमा सुधार गरी आत्मनिर्भरता उन्मुख गराउनु
- कृषि उत्पादकत्व वृद्धि गर्नु

- क्रमागत योजनाहरू सम्पन्न गर्नु
- पर्यटन पूर्वाधार विकास गरी आम्दानीका श्रोतहरू जुटाउनु
- राज्यबाट प्रदान गरिने सेवा सुविधामा विपन्न, महिला, एकल महिला, दलित, अपाङ्ग तथा असहायहरूको पहुँच सुनिश्चित गर्नु
- सक्षम र सुदृढ स्थानीय सरकार बनाई सुशासन कायम गर्ने र विधिपूर्वक सेवा प्रवाह गर्ने

## २.४ गाउँपालिकाको प्राथमिकताहरु

लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न गाउँपालिकाले निम्नप्रकारका कार्यक्रमहरुलाई बार्षिक बजेट तथा कार्यक्रम बनाउदा प्राथमिकता दिने गरेको छ ।

- शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासको लागि आधुनिक सूचना तथा प्रविधिहरूको उपयोग गर्ने
- वित्तीय तथा प्रशासनिक सुशासन कायम गरी सीमित श्रोत र साधनको अधिकतम् रूपमा उपयोग गर्ने
- रोजगारी सिर्जना गर्ने खालका योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्ने
- सामाजिक तथा आर्थिक विकास गरी गरिबी निवारणमा टेवा पुर्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने खालका योजनाहरूमा राजश्व परिचालन गर्ने
- स्थानीय श्रोत तथा साधनहरूको अधिकतम् परिचालन गरी जनसहभागिता जुटाउने
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने
- कम खर्चमा धेरै प्रतिफल दिने तथा स्थानीय सीप र दक्षताको उपयोग गर्ने
- मानवीय सूचकाङ्क माथि उठाउन योगदान दिने
- दिगो विकासको लक्ष्य हासिल गर्ने, वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा योगदान दिने
- सेवा प्रवाहको गुणस्तर सुधार, संस्थागत विकास तथा सुशासनमा सहयोग पुर्याउने

## २.५ गत बर्षको मुख्य उपलब्धीहरु

यस दंगीशरण गाउँपालिकाले आ.ब. २०८०-०८१ मा आफ्नो बार्षिक बजेट मार्फत बिभिन्न प्रकारका योजना तथा कार्यक्रमहरु संचालन संचालन गरिएको छ । बजेटले ूहाम्रो प्रण, समुन्नत दंगीशरणू गाउँपालिका निर्माणमा केहि हद सम्म टेवा पुगिरहेको देखिन्छ । गत आ.ब.मा गाउँपालिकाले योजना तथा कार्यक्रम संचालन मार्फत प्राप्त गरेका उपलब्धीहरुलाई बुदागतरुपमा तल उल्लेख गरिएको छ । गाउँपालिकाले सम्पन्न गरेका योजना तथा कार्यक्रमको बिवरण अनुसूची २ मा उल्लेख गरियको छ ।

- स्थानीय सड्क कालोपत्रे जम्मा १.५ कि.मी.

- स्थानीय सडक ग्राभेल तथा स्तरउन्नती जम्मा १२ कि.मी
- स्थानीय सडक नया धुले जम्मा ५ कि.म्ी.
- पुल निर्माण संख्या १ वटा
- झोलुङ्गे पुल निर्माण १ वटा
- सिंचाई कुलो जम्मा १० कि.मी निर्माण गरि १५ हेक्टर कृषि जमिनमा सिंचाई सुबिधा उपलब्ध गराएको
- स्थानीय तहमा ३० वटा उद्योग, फार्मको दतार्, सुचीकृत गरिएको
- एसइइ उतिर्ण दर ४७.७६ प्रतिशत रहेको
- आधारभूत तहको खानेपानी ९५ प्रतिशत घरधुरीमा पुगेको
- आधारभूत तहको सरसफाई ९३ प्रतिशत घरधुरीमा पुगेको
- सुचीकृत बेरोजगारको संख्या रोजगार सूचना केन्द्रमा राख्ने गरिएको
- दिगो पुर्ण संस्थागत गाउँपालिका घोषणा गरिएको
- उज्यालो आँखा कार्यक्रमबाट १२३ जना लाभांवीत भएका
- छोरी सम्मान कार्यक्रमबाट २३२ जना छोरीहरुले मासिक ३०० रुपैया जम्मा गरिरहेका
- सुत्केरी पोषण प्रोत्साहन कार्यक्रमबाट ११५ जना आमा र बालबालिका लाभांवीत भई कुपोषण न्यूनीकरणमा सहयोग पुगेको
- कृषि तथा पशु बिकासमा आधारित यूवा उद्यमशीलता परियोजना मार्फत उद्यमशीलतामा टेवा पुगेको
- परम्परामा आधारित सीप बिकास कार्यक्रमबाट २५ जना महिलाहरु लाभांवीत
- स्थानीय कच्चा पदार्थमा आधारीत बस्तु उत्पादनका लागि सीप बिकास तालिमबाट ३० जना लाभांवित

## २.६ यस बर्षको मुख्य उपलब्धीहरु

यस आ.ब. २०८१-०८२ मा गाउँपालिकाले अघिल्ला बर्षका धेरै कार्यक्रमहरुलाई निरन्तरता दिईरहेको र जुन कायृक्रम अहिले पनि संचालन अबस्थामा रहेका छन । यस आ.ब.मा सम्पादन गरिएका केहि मूख्यमूख्य कार्यक्रमहरु निम्नानुसार रहेकाछन ।

- गाउँपालिकाले ९ वटा स्वास्थ्य संस्थाहरुबाट सेवा दिइरहेका ।
- सत् प्रतिशत बालबालिका आधा घण्टाभित्र प्राथमिक विद्यालय पुग्ने गरेको ।
- सामुदायिक विद्यालयका १०० प्रतिशत शिक्षकहरु तालिम प्राप्त रहेका ।
- गाउँपालिका करिब ९३ प्रतिशत नागरिकले शौचालय प्रयोग गर्ने गरेको,
- २६ वटा सामुदायिक र निजि बिद्यालय मध्य २१ वटा बिद्यालयमा सुधारिएको खानेपानीको प्रणालिमा पहँुच पुगेको

- सबै स्वास्थ्य संस्थाहरुमा ठोस फोहरको सुरक्षित संकलन गर्न बकेटको ब्यबस्था
- आधारभुत अस्पताल बागरबाट स्वास्थ्य बीमा सम्बन्धी सेवा प्रवाहको लागि आधारहरु तयार भईसकेको ।
- गाउँपालिकामा सामाजिक विकृति, विसङ्गतीका उजुरीहरु आउने नगरेको ।
- डेरी पकेट कार्यक्रम अन्र्तगत डेरी ब्यबसाय संचालनमा सहयोग गरि पशुपालक कृषकहरुलाई दुधको बिक्रि बितरणमा सहजता सहित आर्कषित गरेको
- कृषि पाठशाला, असल कृषि अध्यास जस्ता कृषक र प्राबिधिकलाई लामो समय सम्म जोडने खालका कार्यक्रमहरु संचालन ।
- समुदाय, विद्यालय, वडा तथा गाउँ पालिकास्तरमा बालक्लब गठन भई कार्य गरिरहेको ।
- गाउँपालिकामा महिला हिंसा सम्बन्धी घटनाहरुको उजुरी कम आउने गरेको।
- स्वरोजगारको लागि व्यवसाय विस्तार, पसल सुधार, बगरमा तरकारी खेती, नर्सरी जस्ता सीप विकासका तालिम प्रदान गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रम मार्फत तालिम र रोजगारीको सिर्जना गरिएको ।
- भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको लागि विशेष अवसरहरु प्रदान गरिएको ।
- हिंसा पिडीत कोष परिचालन कार्यबिधि निर्माण भई कार्यपालिकाबाट पास गर्ने प्रकृयामा रहेको र कोषको लागि बजेटको ब्यबस्था भईसकेको
- गाउँपालिकाको आफ्नै भवन रहेको साथै वडा नं. ३ को बाहेक ६ वटा वडा कार्यालयको आफ्नै भबन रहेको ।
- गाउँपालिकामा जम्मा २ हजार ४ सय ९५ जनाले सामाजिक सुरक्षा भत्ता लिएको ।
- ३ वटा बिद्यालयलाई स्मार्ट बोर्ड बितरण
- यो बर्ष देखि अनलाईन मार्फत नागरिक संन्तुटि फाराम र नागरिक बर्हिगमन फाराम मार्फत सुचना लिई सार्बजनिक सुनुवाई गर्ने कार्यको थालनि भएको ।
- स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको ।
- गाउँपालिकाको खर्चको अवस्था सन्तोषजनक रहेको ।
- आवश्यक कर्मचारीहरुको व्यवस्थापन (करार समेत) भएको ।

## २.७ सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| १ | स्वास्थ्य | | | |
| १.१ | स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | १०० प्रतिसत | ▪ १ वटा अस्पताल, २ वटा स्वासथ्य चौकी, ४ आधारभुत स्वास्थ्य केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य केन्द्र गरि जम्मा ९ वटा स्वासथ्य संस्था मार्फत सेवा प्रवाह भईरहेको । | ▪ सतप्रतिसत समुदायहरुले स्वासथ्य सेवा प्राप्त गरिरहनु भएको<br>▪ सरकारी स्वास्थ्य संस्था प्रति बिस्तारै समुदायको बिश्वास बढदै गईरहेको |
| १.२ | ५ वर्षमुनिका बालबालिकाको प्रतिशत | | | |
| १.३ | खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | १०० प्रतिसत | <u>प्रत्यक बर्ष</u><br>▪ घरधुरी सर्बेक्षण<br>▪ छुट जनसंख्याको पहिचान गर्ने<br>▪ खोपमा सबैको पहँचलाई सुनिश्चीत गर्ने | ▪ पुर्ण खोप गाउँपालिका घोषणा<br>▪ पुर्ण खोप दिगोपना गाउँपालिका घोषणा |
| १.४ | ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ०८९-८० मा ७९.६८ र ०८०-८१ मा ५९.३ प्रतिसत | ▪ ल्याब सेवा निसुल्क<br>▪ एम्बुलेन्स सेवा निसुल्क<br>▪ रु ३,२०० नगद सहयोग | ▪ शिशु मृत्यूदर, बाल मृत्यूदर सुन्यमा झार्न सफल<br>▪ गर्भवति महिलामा कमि आएको<br>▪ १०० प्रतिसत महिलाहरुले चेक गराउने गरेको |
| १.५ | ८ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ०७९-८० मा ३३.५१ र ०८०-८१ मा ४४.३५ प्रतिसत | ▪ ल्याब सेवा निसुल्क<br>▪ एम्बुलेन्स सेवा निसुल्क<br>▪ रु ३,२०० नगद सहयोग | ▪ शिशु मृत्यूदर, बाल मृत्यूदर सुन्यमा झार्न सफल<br>▪ १०० प्रतिसत महिलाहरुले चेक गराउने गरेको |
| १.६ | दक्ष प्रसुतिकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ०७९-८० मा ३१.६ र ०८०- | ▪ स्वएम्सेवीका परिचालन<br>▪ एम्बुलेन्स सेवा निसुल्क<br>▪ रु ३,२०० नगद सहयोग | ▪ कुनै पनि महिलाले घरमा सुत्केरी गराएको नपाईएको |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | ८१ मा २८ प्रतिसत | | ▪ पुर्ण दिगोपना सहितको संस्थागत सुत्केरी पालिका घोषणा हुन सफल |
| १.७ | कडा खालका निमोनिया भएका बालबालिकाको संख्या | ०७९-८० मा कडा खालको १ जना सामान्य ८५ जना | ▪ स्वएम्सेवीका परिचालन<br>▪ स्वास्थ्य सल्लाह सुझाव | ▪ ०८०-८१ मा<br>▪ कडा खालको छैन<br>▪ सामान्य ५१ जना<br>▪ निमोनियाको समस्या घटदो क्रममा रहेको |
| १.८ | झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या | छैन | ▪ सचेतनाका कार्यक्रम निरन्तर संचालन<br>▪ प्रभावकारी स्वास्थ्य सेवा प्रदान | ▪ झाडा पखालाबाट कोहि पनि मृत्यू हुन नपरेको |
| **२.** | **शिक्षा** | | | |
| २.१ | आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | छैनन | ▪ आबश्यकता अनुसार र सबैलाई पायक पर्ने स्थानमा बिद्यालय संचालन भएको ले | ▪ दैनिक बिद्यालय आउने दर राम्रो<br>▪ पढाई छोडने दरमा कमी |
| २.२ | पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | | ▪ विद्यालय भर्नाको समयमा घरदैलो, सचेतनामूलक कार्यक्रम संचालन<br>▪ दिवा खाजा कार्यक्रम<br>▪ केहि बिद्यालयहरुमा<br>▪ बालविकास, खेलकुद सामग्री, पार्कको उपलब्धता | गाउँपालिकामा ६९.४० प्रतिशत पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर रहेको देखिन्छ |
| २.३ | प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | छैन | ▪ सबैलाई पायक पर्ने स्थानमा बिद्यालय<br>▪ अनिवार्य तथा नि:शुल्क शिक्षा लागू ।<br>▪ बिपन्न, दलित, अपाङ्ग, टुहूरा बालबालिकाहरुलाई पोषाक बितरण | ▪ भर्ना दर बढेको<br>▪ बिद्यालयमा सबैको पहुँच स्थापना<br>▪ दैनिक बिद्यालय आउने दर राम्रो<br>▪ पढाई छोडने दरमा कमी |
| २.४ | कक्षा १ मा खुद भर्नादर छात्र र छात्रा | | ▪ अभिभावकलाई सूचना अभिबृद्धि | ५९.९ प्रतिसत खुद भर्नादर |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | ▪ अनिवार्य तथा नि:शुल्क शिक्षा लागू । | |
| २.५ | आधारभुत तहमा कक्षा छोड्ने<br>कक्षा दोहो¥याउने र कक्षा<br>उत्तीर्ण हुने दर | | ▪ अनिवार्य तथा नि:शुल्क शिक्षा लागू ।<br>▪ समय समयमा अभिभावक शिक्षा | **कक्षा छोड्ने**<br>१—५ मा २.०%,<br>६—८ मा ०.७%,<br>९—१० मा ०.९% र<br>**कक्षा दोहो¥याउने**<br>१—५ मा २.७%,<br>६—८ मा ०.७%,<br>९—१० मा ०.९% रहेको । |
| २.६ | आधारभुत तहमा तालिम<br>प्राप्त शिक्षक संख्या | बिभिन्न प्रकारका तालिमहरु सबैले प्राप्त गरेका | ▪ समय समयमा विभिन्न किसिमका तालिम तथा पूनर्ताजगी तालिम संचालन भएको | ▪ शिक्षकको शैक्षिक शीपमा बिकास भएको<br>▪ बालबालिका मैत्रि पठन पाठनको बिकास हुने चरणमा |
| २.७ | प्रति कक्षा कोठा विद्यार्थी<br>संख्या | ५० भन्दा कम रहेको | ▪ मापदण्ड अनुसारका कक्षा कोठा निर्माण गरिएको<br>▪ सामुदायिक बिद्यालयमा बिद्यार्थी घटदो क्रममा रहेका | ▪ उपयूक्त बसाई र राम्रो शैक्षिक बातावरण निर्माण<br>▪ सिकाईमा सहजता |
| २.८ | बाह्य सहयोगमा निर्मित<br>विद्यालय कोठा संख्या | १२ वटा | ▪ प्रदेश र संघिय सरकार मार्फत बजेटको लागि प्रयास<br>▪ निरन्तर अनुगमन | ▪ उपयूक्त बसाई र राम्रो शैक्षिक बातावरण निर्माण<br>▪ सिकाईमा सहजता |
| २.९ | स्थानीय निकायबाट निर्मित<br>विद्यालय कोठा संख्या | नभएको | | |
| २.१० | दलित बालबालिकाको शिक्षामा पहुँच | सत प्रतिसत | ▪ अनिवार्य तथा नि ः शुल्क शिक्षा लागू<br>▪ कक्षाकोठा बालमैत्री रहेको<br>▪ तालिम प्राप्त इसीडी शिक्षकहरुको ब्यवस्थापन | ▪ प्राथमिक तहमा २४६ जना<br>▪ आधारभूत तहमा १२४ जना<br>▪ माध्यमिक तहमा ६५ जना<br>दलित बालबालिका अध्ययन गरिरहेको देखिन्छ । |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | ▪ बिपन्न दलित बालबालिकाहरुलाई पोषाक बितरण | |
| **३** | **खानेपानी तथा सरसफाई** | | | |
| ३.१ | स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | स्वच्छ खानेपानीको लागि गाउँपालिकाको आफ्नै प्रयास न्यून नै देखिन्छ । | हाल सम्म ९५ प्रतिसत घरधुरीमा आधारभूत तहको खानेपानीको सुबिधा पुगेको देखिन्छ । धेरे जसो घरधुरीमा खानेपानीको ब्यक्तिगत धाराहरु जडान भई संचालनमा रहेका छन । |
| ३.२ | शौचालय भएको संख्या वा प्रतिशत | | स्वच्छ खानेपानीको लागि गाउँपालिकाको आफ्नै प्रयास न्यून नै देखिन्छ । | ९३ प्रतिसत घरधुरीले सरसफाईयूक्त शौचालयको प्रयोग गरिरहेको |
| ३.३ | खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | खानेपानी सुबिधा सबै स्कुलहरुमा रहेको |
| ३.४ | सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **४** | **बालबालिका, महिला र समावेशी क्षेत्र** | | | |
| ४.१ | बाल विवाहको संख्या | कानुनी रुपमा रेकर्डमा नभएपनि बाल विवाह हुने गरेको | महिला तथा बालबालिका शाखाबाट संचालन गरिने सबै प्रकारका कार्यक्रम तथा तालिममा यो बिषय बस्तुलाई राख्ने गरिएको । | विगतको तुलनामा बालविवाह निरुत्साहित भएको । |
| ४.२ | सामाजिक विकृति, बिसङ्गती | | | |
| ४.३ | सामाजिक सुरक्षा भत्ता प्राप्तीको अवस्था | प्रत्येक बर्ष बढदो क्रममा | बैंकिंग प्रणालिबाट | गाउँपालिकामा जेष्ठ नागरिक, अपांग, बालबालिका, बिधवा, दलित, लोपोज्मूख जाति गरि जम्मा २४४१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका |
| **५** | **जनचेतना तथा गरीबी निवारण** | | | |

| क.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| ५.१ | बालश्रमको अवस्था | | सचेतनाका अभियानहरु न्यून संचालन | गाउँपालिकाको तथ्यांकमा बालश्रम देखिदैन र त्यस्तो प्रकारको उजुरीहरु आउने गरेको छैन |
| ५.२ | बालक्लबहरुको अवस्था | सबै वडामा क्लब रहेको र गा.पा. स्तरीय संजाल गठन भएको | ▪ गाउँपालिकाको बार्षिक कार्यक्रम मार्फत नै बालक्लब गठन तथा क्षमता विकासका कार्यक्रम संचालन भएको<br>▪ अहिले पनि अनुगमन तथा बेला बेलामा सहयोगका कामहरु भईरहेको | बालक्लबको क्षमता विकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालन भएको देखिन्छ । |
| ५.३ | महिला हिंसा | महिला हिंसाका घटना समुदायस्तरमा भय पनि त्यस घटनाले कानुनी पाटो लिएको देखिदैन | ञ | गाउँपालिकाको न्यायिक समितिमा महिला हिंसाका घटनाको उजुरी नदेखिय पनि पति, पत्नी बिचको झगडाका २ वटा उजुरी अघिल्लो आ.ब.मा आएको देखिन्छ भने अर्को तर्फ गाउँपालिकामा सम्बन्ध बिच्छेदका घटनाहरु बार्षिकरुपमा बृद्धि भई रहेको देखिन्छ । |
| ५.४ | रोजगारीको अवस्था | स्थानीयस्तरमा रोजगारिका कम संभावना देखेर यूवाहरु भारत तथा अन्यमूलुक जाने संख्या बढिनै देखिन्छ । | रोजगार शाखा मार्फत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ७७ जनालाई रोजगारि बढाउन पहल | अघिल्लो आ.ब.मा रोजगार सुचना केन्द्रमा सुचीकृत बेरोजगारको संख्या १९५ जना मात्र देखियपनि यो संख्या गाउँपालिका भित्र धेरै छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ७७ जना ब्यक्तिलाई अघिल्लो आ.ब.मा स्वरोजगार गराय पनि त्यो पुग्दो मात्रामा छैन । अर्कोतर्फ समुदायहरु पनि स्थानीय बिकास निर्माणका कामहरु मार्फत उपलब्ध्ध श्रममा आधारित रोजगारलाई त्यति महत्व नदियको जस्तो पनि देखिन्छ । |
| ५.५ | स्वरोजगारका प्रयासहरु | | ▪ सीप बिकास तालिम | गाउँपालिकाको बिभिन्न कार्यक्रम मार्फत सीप बिकासका कार्यक्रमहरु |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | ▪ उद्यम बिकास तालिम तथा उनिहरुलाई बिभिन्न क्षमता बिकास लगायत आर्थिक सहयोग<br>▪ ब्यबसायिक तरकारी खेतिका लागि बिभिन्न सहयोगको कार्यक्रमहरु | संचालन भएपनि परम्परा र स्थानीय कच्चा पदार्थमा आधारित सीप बिकास तालिम (थाकल ३० जना र सरफ निर्माण २५ जना) व्यक्तिहरुको क्षमता विकास गरि स्वरोजगारको लागि सहयोग गरिएको देखिन्छ । अन्य व्यवसाय विस्तार, पसल सुधार, तरकारी खेती, नर्सरी जस्ता सीप विकासका तालिम प्रदान गरिएको देखिन्छ । साथै विभिन्न संघसंस्था मार्फत् क्षमता विकास, नेतृत्व विकास, सीप विकास तालिम संचालन गरी स्वरोजगारलाई प्रबर्द्धन गरिएको देखिन्छ । |
| ५.६ | गरीबी निबारणका प्रयासहरु | | ▪ गरिवको लागि परिचय पत्र बितरण भईरहेको<br>▪ अप्रत्यक्षरुपमा गरिवी निवारणका लागि बिभिन्न क्रियाकलापहरुले सहयोग गरे पनि गरिवी निवारणका ठोस कार्यक्रम सीप तथा उधम बिकास कार्यक्रम बाहेक गाउँपालिकाबाट अन्य कार्यक्रम संचालन त्यति गरिएको छैन | प्रत्यक बर्ष गरिवी निवारणका लागि छरिएका कार्यक्रमहरु संचालन भएको कारणले ति कार्यक्रमहरुले आशातित उपलब्धी दिन सकेको देखिदैन तर पनि बिभिन्न कार्यक्रम मार्फत केहि प्रतिसत गरिवी प्रत्यक बर्ष घटदो क्रममा रहेको देखिन्छ । अर्कोतर्फ समुदाय आफ्नै प्रयासमा गरिवी निवारणका लागि सर्घषरत रहेको कारणले पनी यस गाउँपालिकामा गरिवीको संख्या बिस्तारै घटदै गईरहेको देखिन्छ । |
| ५.७ | सामाजिक परिचालन | | कृषि र पशुशाखाहरु समुह गठन गरि उनिहरुलाई बिभिन्न प्रकारको शीप, औजार समाग्री पर्दान गरे पनी उनिहरुलाई परिचालन गर्ने प्रयासहरु कम भएका छन | प्रत्यक्ष रुपमा १२ वटा कृषि र १९ वटा अन्य सहित ३१ सहकारी र १५३ वटा कृषि समुह, अन्य बिभिन्न शाखाहरु र गैसस मार्फत गठन भएका समुहहरु, स्वास्थ्य आमा समुह, बालक्लब, बालसंजाल, महिलाका समुह लगायत, बित्तिय संस्थाहरुका समुहहरु मार्फत केहि प्रयास भए पनि गाउँपालिकाले |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | सामाजिक पचिालनको पाटोलाई केहिहद सम्म उपेक्षित गरिएको देखिन्छ । सामाजिक परिचालन लाई सहभागिताको तह सम्म मात्र हेरिएको तर रुपान्तरणको पाटोमा त्यति धेरे परिवर्तन हुन सकेको छैन । |
| ५.८ | बातावरण सुधारका प्रयासहरु | | ▪ गाउँ कार्यपालिकाको कार्यालय र आउने म्ख्य सडक, वडा कार्यालय, स्वास्थ्य संस्था र बिद्यालयलमा सरसफाई तथा बातावरण सुधारमा जोड दिएको<br>▪ समुदायतहमा बाताबरण सुधारका क्रियाकलापहरु कम संचालन भएका | ▪ सेवा प्रदायक संस्थाहरु सफा र चिटिक्क परेका देखिन्छन ।<br>▪ तुलसीपुर सुर्खेत सडक देखि बैबांङ्ग सम्मको सडकको दायाबाया बृक्षा रोपनले सुन्दरता र बातावरण सफा राख्न मद्धत्त गरेको छ । |
| ५.९ | एचआइभी र एड्स | | बिभिन्न संघसस्था मार्फत सेवा प्रदान भईरहेको | ठुलो बिकराल समस्या नरहेको |
| ६ | **विकासमा समान सहभागीता सेवाहरुमा पहुँच** | | | |
| ६.१ | स्थानीय बजार सम्म पुग्न लाग्ने समय | | बजार जादा लाग्ने समय घटाउनको लागि गाउँपालिकाले ठुलो लगानी सड्क निर्माणमा गरेको छ । | ▪ गाउँपालिकाको वडा नं. १ को फुर्केशल्ली भौगोलिक कारणले बिकटतामा पर्दछ । सडकको राम्रो सुबिधा नभएको कारणले ८० घरपरिवारलाई बजार आउन २ घण्टा जति समय लाग्ने गरेको छ ।<br>▪ अन्य वडा टोलहरुलाई बजार पुग्न यातायातको सुबिधाको कारण त्यति समय लाग्दैन । |
| ६.२ | कृषि सेवाकेन्द्र पुग्न लाग्ने समय | | सेवामा बिस्तार गरिरहेको, भौगोलिक बिकटता हेरी वडामा कृषि प्राबिधिक राखिएको | ▪ कृषि प्राबिधिक रहेका वडाहरुमा प्राबिधिक सेवाको लागि केहि सहज भयपनि अन्य सेवाहरुको लागि |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | गाउँपालिकाको कृषि शाखामा पुग्नुपर्ने बाध्यता छ ।<br>▪ बढीमा ३ घण्टा सम्म समय लाग्ने गरेको छ । |
| ६.३ | भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको संख्या, नीजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | | गाउँपालिकाले नीति तथा कार्यक्रम मार्फत प्राथमिता दिने गरेको | ▪ भौगोलिकरुपमा पिछडियको स्थानहरुमा बेला बेलामा घुम्ति स्वास्थ्य सीबिर, कृषिका कामहरु, सामाजिक सुरक्षा भत्ताको लागि कार्ड नबिकरण जस्ता कामहरु टोलमै पुगी सेवा प्रदान गरिरहेको ।<br>▪ सीमान्तकृत बर्ग लक्षित, महिला लक्षित कार्यक्रमहरु संचालनमा रहेको<br>▪ दलित नमुना बस्ति निर्माणमा लागि रहेको<br>▪ गरिब महिलाहरुको नेतृत्वमा बिभिन्न प्रकारका कामहरु उपभोक्ता समितिमा बसि निर्भाह गरिरहेका |
| ७ | **बिबिध** | | | |
| ७.१ | जनशक्ति | | **<u>गाउँपालिकाको कार्यालय, शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको बिवरण</u>**<br>▪ गाउँपालिकामा २४ जना करार सहित ५२ जना<br>▪ वडा कार्यालयमा २८ जना करार सहित ४१ जना कर्मचारिहरु कार्यरत रहेको | निरन्तररुपमा कार्य सम्पादन भई रहेको |
| ७.२ | नीति तथा कार्यक्रम | | गाउँपालिकाले प्रत्येक बर्ष बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरेको | नीति तथा कायृक्रम अनुरुप बार्षिक कार्यक्रम र बजेट तर्जुमा गरि कार्यक्रमहरु संचालन गर्ने गरेको छ । नीति अनुसार बजेटको बिनीयोजन कम गरिने भएकाले नीति अनुरुपका सबै कार्यक्रमहरु |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | संचालन गर्न नसकिरहेको देखिएकाले आउदो आ.ब.हरुमा आफुसंग भएको श्रोत साधन सुहाउदो नीति र सो अनुरुपका कार्यक्रम संचालन गर्नुपर्ने छ । |
| ७.३ | भौतिक व्यवस्था | | आबश्यक भौतिक संरचनाहरु समय सापेक्ष सुहाउदो खालका रहेका | ▪ गाउँपालिकाको आफ्नै भवन, सभाहल रहेको<br>▪ पशुसेवा शाखा कार्यालय परिसर भन्दा बाहिर भाडामा बसिरहेको<br>▪ ६ वटा वडाको आफनै भवन रहे पनि वडा नं. ३ स्वास्थ्य कार्यालयको भवनमा रहेको कारणले सेवा प्रभाहको लागि केहि साघुरो देखिन्छ । |
| ७.४ | समन्वय तथा सहकार्यका प्रयासहरु | | संघ, प्रदेश, जिल्ला समन्वय समिति र अन्य पालिकाहरुसंग आवश्यकता अनुरुपको समन्वय भईरहेको | ▪ संघ, प्रदेश, जिल्ला समन्वय समितिसंगको समन्वय राम्रो भएकाले बिकास निर्माणका कामहरुमा सहजता भएको देखिन्छ ।<br>▪ आउदा दिनमा गाउँपालिका समानकिरण अनुदानमा मात्र भर नपरि लागत सहभागीताको आधारमा संचालन गर्ने कार्यक्रमहरको लागि प्रस्ताव पेशगरी संघ र प्रदेशबाट बजेट ल्याउन कम पहल देखिन्छ । |
| ७.५ | अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | निरन्तरताका कार्यक्रम हरु संचालन | ▪ गाउँपालिकाले कार्यक्रममा समुदायको सक्रिय सहभागिता कम छ।<br>▪ सहभागतिमुलक योजना छनौट, कार्यान्वयन, अनुगमन, लाभको बाडफाड र योजनाको दिगोपनाका सबे चरणमा समुदायको सक्रिय सहभागीतालाई सुनिश्चीत गर्न सकिएको छैन । । |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | ▪ प्रवाभकारी सुचना सम्प्रेषण, नागरिक बडापत्रको कार्यान्वयन, गुनासो सम्बोधन, नागरिक निगरानी जस्ता कुराहरुमा सामाजिक परिचालन, सचेतिकरणका क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| | | | | |

## २.८ गत बर्ष सेवा प्रभाह, कार्य सम्पादन गर्दा भोगेका समस्याहरु

गत बर्ष दंगीशरण गाउँपालिकाले सेवा प्रभाह, कार्य सम्पादन गर्दा भोगेका समस्याहरु बुदागतरुपमा तल उल्लेख गरिएको छ ।

- सिकेका कुराहरु ब्यबहारमा लागु नगरिदिने
- समुदाय परिचालन गर्न नसकियको
- सामुदायिक साझा समस्या भन्दा ब्यक्ति केन्द्रित समस्याहरुको लागि योजना मागगर्ने
- जनश्रमदान बरावरको रकम जुटाउन गाह्रो भएको
- योजनाहरुको कार्य गर्दा लागत इष्टमेट अनुसारको बजेट विनियोजन नभएको ।
- लागत साझेदारीमा कार्यक्रम संचालन गर्न नसकिएको
- प्रत्यक्ष रोजगारमूलक कार्यक्रमहरु तर्जुमा गर्न नसकिएको
- सामाजिक जवाफदेहिता विधिहरुको प्रभावकारी प्रयोग गर्न नसकिएको
- योजनाहरु समयमा नै कार्यान्वयनमा समस्या भएको

## खण्डः ग

## ३.१ सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- सबै स्वास्थ्य संस्थाहरुको बार्षिक समिक्षा गरी सेवाको प्रभावकारीता लगायतका सुचकहरुको आधारमा पहिलो, दोश्रो, तेश्रो गरि ग्रेडीङ्ग गर्ने गरिएको ।
- दाङ्गमै पहिलो दिगोपना सहितको पुर्ण संस्थागत सुत्केरी गाउँपालिका बन्न सफल ।
- नेपालमै दलित ऐन जारि भएको दोश्रो गाउँपालिका बन्न सफल ।
- रेविज खोपमा अन्य पालिकाहरु पनि भर परिरहेको अबस्था ।
- स्वास्थ्य सेवा प्रभाहको लागि स्वास्थ्य संस्था र कर्मचारीहरु आबश्यकता अनुरुप देखिन्छ
- उज्यालो आखा कार्यक्रम र समन्वय तथा साझेदारीमा प्रत्येक बर्ष बिशेषज्ञ सेवा सहितको स्वास्थ्य सिविर संचालनले बिपन्न तथा पछाडि पारीएका बर्गलाई स्वास्थ्य उपचारमा सहजता ।
- सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम सराहनीय देखिन्छ ।
- संस्थागत प्रशुतिलाई दिगो बनाउन, बाल तथा मातृ मृत्यू दर सुन्यमा झार्न नि-सुल्क एम्बुलेन्स, ल्याब सेवा र नगद सहयोगले प्रभावकारी भुमिका खेलेको ।
- स्वास्थ्य बिमालाई सबैको पहँुचा पु—याउनको लागि यहि पालिकाको आधारभुत अस्पताल बागरबाट सेवा प्रवाहको प्रयास ।
- स्वास्थ्य संस्थाहरुमा स्तर अनुसारका स्वास्थ्य सामाग्रीको उपलब्धता साथै आबश्यक सामाग्रीहरु गाउँपालिकाले सहयोग गर्ने गरेको ।
- अपांगता भएका ब्यक्तिहरुलाई अपांगता सहयोग सामाग्रीको बितरणले दैनिक जिवनयापनमा सहजता ।
- कुपोषीत बालबालिकाको लागि २ वटा स्वास्थ्य संस्थामा ओटिसी सेवा उपलब्धता ।
- सामुदायिक बिद्यालयको ११-१२ कक्षामा बिज्ञान बिषय पढने बिद्यार्थिलाई मासिक रु १,५०० छात्रबृति बितरण कार्यक्रम ।
- गाउँपालिका भरका ४-९ कक्षा सम्मका बालबालिकाहरुको परिक्षाको प्रश्नावलि एउटै हुदा बिद्यार्थिको ग्रेडिगमा सहजता।
- शैक्षिक क्यालेन्डर अनुसारको पठन पाठन, परिक्षा शुल्क नलिने नीति, बर्षको १ वटा बिषयको परिक्षा गाउँपालिका तहको लिने परिपाटीले शिक्षाको गुणस्तरको मापनमा सहजता ।
- शिक्षामा सबैको पहुँच बढाउने र कक्षा छोड्ने दरमा कमि ल्याउन बिपन्न, दलित, अपाङ्ग, टुहुरा बालबालिकाहरुलाई पोषाक बितरण कार्यक्रम ।

- प्रबिधी मैत्री शिक्षामा जोड दिदै सो अनुरुपका क्षमता बिकास र पुर्बाधार सहयोग कार्यक्रमलाई प्राथमिकता ।
- छोरी सम्मान कार्यक्रमले महिलाहरुको पुरुषसंगको आर्थिक परनिर्भरता पछि गयर केहि हद सम्म घटाउने । यस बर्ष ११३ जना छोरीहरु उक्त कार्यक्रमबाट लाभांवित भएको देखिन्छ ।
- जेष्ठ नागरिक, हिंसा पिडित महिला सम्मान जस्ता कार्यक्रमले उनिहरुको मनोवल बढाउन सहयोग पुगेको ।
- कृषकहरुको १५३ वटा समुह निर्माण गरि समुह मार्फत कृषिका कार्यक्रमहरु संचालन गर्दा बिपन्न कृषकहरुलाई आफना माग राख्न सहजता हुने गरेको ।
- छाडा पशु नियन्त्रक समितिको गठन तथा चिसापानीमा गौशाला ब्यबस्थापन गर्नु ।.
- सबै योजनाहरुमा निरन्तर अनुगमन गर्ने गरिएको ।
- सेवा प्रभाहको लागि गुणस्तरीय र सरसफाई यूक्त भौतिक संरचना ।
- मूख्य सडकलाई हरियाली सहितको बाताबरणीय सन्तुलन कायम राख्न प्रयास गर्दै चौबाटो देखि बैबाङ्ग सम्म सडको दायाबाय बृक्षारोपन र संरक्षण गर्नु ।
- बर्षमा १ पटक भएपनि सार्बजनिक सुनुवाई गर्ने परिपाटीको सुरुवात ।
- योजना तर्जुमा गर्दा टोल भेलाको आयोजना गर्ने गरिएको ।
- विभिन्न सफ्टवेयरको प्रयोगद्वारा नागरिकलाई सेवा सुविधामा प्रवाह गरिएको ।
- वसाई सरेर जाने भन्दा बसाई सरेर गाउँपालिकामा आउने परिवारको संख्या देखिनु ।
- गाउँपालिकामा शुसासनलाई प्रबद्र्धन गर्न विद्युतिय हाजिरी प्रणालीको व्यवस्थापन गरी प्रयोग गरिएको
- नक्सापास गरि घर बनाउन स्वीकृति दिने कार्यहरु

## ३.२ सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु

- दिर्घकालिन, बिषयगत योजनाहरुको अभावमा बार्षिक कार्यक्रमहरु लक्ष्य तथा प्राथमिकता बिहिन जस्तो देखिन्छ ।
- दिगो बिकास लक्ष्यले गरेका प्रतिबद्धता पुरा गर्न न्यून प्रयास ।
- प्राबिधिक तथा ब्यबस्थापकिय जिम्मेवारीमा रहनु पर्ने कर्मचारीहरुलाई प्रशासकिय तथा बित्तिय जिम्मेवारी तिर लगाउदा काम गर्ने क्षमतामा कमि आएको ।
- बेला बेलामा प्रमूख कर्मचारिहरुको अभावमा अति आबश्यक बस्तुहरु पनि समुदायमा उपलब्ध गराउन नसकिनु ।
- एकै पटक ठुलो परिमाणमा औषधि खरिद गर्न नसकिने कारणले बेलाबेलामा स्वास्थ्य संस्थाहरुमा न्यूनतम औषधीको अभाव ।

- प्रबिधीमैत्री कर्मचारीको अभाव
- कार्यक्रमहरु सामाजिक न्याय भन्दा समानताको अबधारणामा संचालित भएको देखिन्छ ।
- बालविवाह विरुद्धका अभियान समुदायमा संचालनमा कमि देखिएको
